म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४७ सोमबार, २८ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 12 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**उपभोक्ता अधिकारको संरक्षण गरौं ।**

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं ।
- कारोवारमा बिल/बीजक लिने र दिने गरौं, कारोवारलाई पारदर्शी बनाऔं ।
- नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं ।
- वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं ।
- वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं ।
- वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं ।
- निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं ।
- भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### साना तथा मझौला उद्योग प्रवर्द्धन गर्न बागमती सरकार प्रतिवद्धः मन्त्री श्रेष्ठ

# उद्योग मन्त्रालयलाई प्रविधिमैत्री बनाइने

साझाकुरा संवाददाता



हेटौंडा, २७ पुस/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिन्दु श्रेष्ठले साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताएकी छिन् ।

साना तथा मझौला व्यवसायी महासंघ नेपालको २२ औं वार्षिक साधारणसभालाई आईतवार सम्बोधन गर्दै मन्त्री श्रेष्ठले त्यस्ता उद्योगलाई प्रवर्द्धन गर्ने जिम्मेवारी वागमती सरकारको समेत रहेकाले त्यसका लागि आफूहरु लागि परिरहेको बताइन् । उनकाअनुसार उद्योगी व्यवसायीलाई प्रवर्द्धन गर्नका लागि वागमती सरकार अन्तर्गतका १३ वटै जिल्लाबाट उत्कृष्ट उद्यमी छनोट गरेर सम्मान गर्ने गरिएको छ । व्यवसायीका समस्या समाधान गरेर अघि बढ्न वागमती सरकार तयार रहेको मन्त्री श्रेष्ठले बताइन् । उनले वागमती सरकारले हस्तकलालाई प्रवर्द्धन गर्न प्रत्येक वर्षको मंसिर २८ गते हस्तकला दिवस मनाउने गरी निर्णय गर्न लागेको जानकारी दिइन् ।

उनले भनिन्, 'वागमती सरकार पर्यटन मन्त्रालयले हरेकवर्ष मंसिर २८ गतेलाई हस्तकला दिवस घोषणा गर्न मन्त्रालयको तर्फबाट आवश्यक प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद् बैठकमा प्रस्ताव राखेको छ । अब हामी २०८३ को मंसिर २८ मा वागमती प्रदेशस्तरीय हस्तकला दिवस मनाउन सक्ने वातावरण तयार भएको छ । साना तथा मझौला व्यवसायी महासंघमा धेरै महिला उद्यमी हुनुहुन्छ । महिला उद्यमीलाई केन्द्रित गरेर यो वर्षदेखि बागमती प्रदेश उद्योग मन्त्रालयले नीति कार्यक्रममै महिलाले उद्योगधन्दा नवीकरण गर्दा ५० प्रतिशत छुटको व्यवस्था ल्याइसकेको छ ।'

मन्त्री श्रेष्ठले अहिले उद्योगधन्दा नवीकरण वा दर्ता गराउन झन्झटिलो रहेको गुनासा आइरहेको बताउँदै त्यसलाई समाधानका लागि उद्योग मन्त्रालयमा एउटा सफ्टवेयर विकास गरेर प्रविधिमैत्री बनाउन थालिएको जानकारी दिइन् । वागमती सरकारअन्तर्गतका १३ वटै जिल्लाबाट घर बसेरै उद्योग व्यवसाय दर्ता नवीकरण गर्न सकिने व्यवस्था मिलाउन लागिएको उनले बताइन् । उद्यमीले कार्यालय धाएर नवीकरण र दर्ता गर्नुपर्ने अवस्थाको डेढ महिनामै अन्त्य गरिने मन्त्री श्रेष्ठले उल्लेख गरिन् ।

त्यसैगरी कोशी प्रदेश सरकारका आर्थिक सल्लाहकार डा. मोहनकुमार सुवेदीले साना तथा मझौला व्यवसायको प्रवर्द्धनका लागि कोशी सरकारले अर्थसहितको व्यवस्था गरेको बताए । उनले मुलुकको अर्थतन्त्रको ठूलो हिस्सेदार साना तथा मझौला व्यवसायको विकास तथा प्रवर्द्धन गर्न कोशी सरकारले आवश्यक भूमिका खेल्ने बताएका छन् । 'ठूलो व्यवसायीले पनि व्यवसाय गर्न सकिरहनु भएको छैन । साना तथा मझौला व्यवसाय सक्षम हुनका लागि पनि सकस परिरहेको छ । केही मान्छेलाई रोजगारी दिएका व्यवसाय टाउको उठाउनै नसक्नेगरी थला परिरहेको देखिएको छ । अहिलेको आन्दोलनको कारण अर्बौं रुपैयाँ क्षति भएको छ' उनले भने ।

कार्यक्रममा साना तथा मझौला व्यवसायी महासंघ नेपालकी अध्यक्ष ईनु पौडेलले साना तथा मझौला व्यवसायद्वारा उत्पादित सामानको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरण गर्न माग गरिन् । विदेशमा गएर आफूले उत्पादन गरेका समान प्रदर्शन गर्ने गरेपनि नेपालमै सरकारीस्तरबाट मेला नहुने गरेको उनको गुनासो थियो । अध्यक्ष पौडेलले भनिन्, 'नेपालमै एउटा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीको आयोजना गर्नुपर्छ । साना तथा मझौला व्यवसायी महासंघको तर्फबाट साना तथा मझौला व्यवसायीले उत्पादन गरेको सामान प्रदर्शनी गर्नका लागि वर्षको एकपटक अन्तर्राष्ट्रिय मेलाको आयोजना गर्न वागमती सरकारसँग माग गर्दछु ।'

साना तथा मझौला व्यवसायी महासंघ नेपालको २२ औं वार्षिक साधारणसभाको अवसरमा नेपालको सञ्चार उद्यम क्षेत्रमा न्युज एजेन्सी नेपाल स्थापना गरी निष्पक्ष तथ्यपरक, व्यवसायिक पत्रकारिताको जग बसाल्न महत्वपूर्ण भूमिका खेलेको भन्दै न्युज एजेन्सी नेपालकी अध्यक्ष कृष्णा पौडेललाई (मिडियाउद्यमी सम्मान) कदरपत्रले सम्मान गरिएको थियो । त्यसैगरी गोरखा ब्लक तथा रेली उद्योगका सञ्चालक सावित्रा गर्तौला बस्नेतलाई उत्कृष्ट साना तथा मझौला व्यवसायी सम्मानबाट सम्मानित गरिएको थियो । साना तथा मझौला उद्योग व्यवसायीका समस्या, चुनौती र सम्भावनालाई संचारमाध्यममार्फत् उजागर गर्न न्युज एजेन्सी नेपालले देखाएको तत्परता प्रशंसनीय रहेको साना तथा मझौला व्यवसायी महासंघले जनाएको छ ।

# प्रदेश विश्वविद्यालयका पाँच आङ्गिक क्याम्पसमा अध्यापन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेश सरकारको गौरवको योजनाको रुपमा रहेको बागमती प्रदेश विश्वविद्यालयको अवधारणा कार्यान्वयनसँगै अध्यापन सुरु गरिएको छ ।

संविधानले उच्चशिक्षा प्रदेशको एकलअधिकार सूचीमा रहने व्यवस्थाअनुसार बागमती प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयका रुपमा बागमती प्रदेश विश्वविद्यालय स्थापना गरी सञ्चालनमा ल्याएको हो । मुलुक संघीय संरचनामा गएसँगै प्रदेश सरकारको अधिकारको प्रयोग गर्दै बागमती प्रदेश विश्वविद्यालयले अध्यापन सुरु गरेको हो । गतवर्ष वैशाखको अन्तिम साता प्रदेश विश्व विद्यालय सञ्चालन गर्न बागमती प्रदेश सरकारले बागमती प्रदेश विश्वविद्यालयको सम्पर्क कार्यालय स्थापना गरेर विश्वविद्यालय सञ्चालनका लागि प्रक्रिया सुरु गरेको थियो ।

बागमती प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसलाई आङ्गिक क्याम्पसको रुपमा समायोजन गरी अध्यापन सुरु गरेको विश्व विद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले जानकारी दिए । उनका अनुसार बागमती प्रदेशभित्रका ६ वटा सामुदायिक क्याम्पस बागमती प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालन बागमती प्रदेश सरकारबाट स्वीकृति पाएकोमा पाँचवटा क्याम्पसमा अध्यापन सुरु गरिएको छ ।

काठमाडौंको जनमैत्री बहुमुखी क्याम्पस र कपन बहुमुखी क्याम्पस, चितवनको भुवानी शंकर क्याम्पस र माडी क्याम्पस तथा काभ्रेपलाञ्चोकको चैतन्य बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने गत मङ्सिर ९ गते बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले निर्णय गरेको थियो । बागमती प्रदेशभित्र सञ्चालनमा रहेका यी क्याम्पसले बागमती प्रदेश उच्चशिक्षा ऐन २०७८ को दफा ९ (३) र (४) प्रदेश उच्चशिक्षा नियमावली २०७९ को नियम १७ तथा बागमती प्रदेश विश्वविद्यालयको विधान २०८१ को दफा ३६ बमोजिम बागमती प्रदेश विश्वविद्यालयको रुपमा सञ्चालित हुनका लागि निवेदन दर्ता गराएका थिए ।

बागमती प्रदेश विश्व विद्यालय संरक्षक समितिको सचिवालय हेटौंडाले सूचना प्रथमपटक २०८१ फागुन २८ गते प्रकाशित गरेको थियो । एक महिनाको समय दिएर निकालिएको सूचनामा प्रदेशभित्रका ४० भन्दा बढी क्याम्पसले आवेदन दिएका थिए । यो निर्णयअनुसार हेटौंडाको हेटौंडा क्याम्पस बाहेकका पाँचवटा सामुदायिक क्याम्पसलाई प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालन गर्न विश्वविद्यालय संरक्षक समितिले निर्णय गरी सम्झौता गरेको थियो ।

'हेटौंडा क्याम्पससँग संरक्षक समितिले सम्झौताका लागि निर्णय प्रक्रियामा रहेको छ केहीदिनमा निर्णय र सम्झौता हुनेछ,' उपाध्यक्ष सुवेदीले भने 'अन्य क्याम्पससँगै यो क्याम्पसका प्राध्यापकहरु पनि अभिमुखीकरण कार्यक्रममा सहभागी छन् सम्झौता लगत्तै अध्यापन सुरु हुनेछ ।' बिबिए, बिआइटी र बिएड विषय अध्यापन सुरु गरिएका यी क्याम्पसहरुमा ३६० भन्दा बढी विद्यार्थी भर्ना भएर अध्ययन सुरु गरेका छन् ।

बागमती प्रदेश विश्व विद्यालयको आङ्गिक क्याम्पस बन्न सम्झौता भएसँगै ती सामुदायिक क्याम्पस त्रिभुवन विश्वविद्यालयसँग अलग हुने प्रक्रिया सुरु भएको छ ।

हाल क्याम्पसमा अध्यापनरत क्याम्पसका प्राध्यापकहरुलाई विषय मिल्नेको हकमा एकवर्षे करार सम्झौतामा राख्ने र कर्मचारीलाई छ महिने करारमा राखिने उपाध्यक्ष सुवेदीको भनाई छ । प्रदेश उच्चशिक्षा परिषद्को सिफारिस अनुसार २०८१ सालमा बागमती प्रदेश विश्वविद्यालय स्थापना भएको थियो ।

# मामाघरलाई लायन्सको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/लायन्स क्लब अफ हेटौंडा बजार ग्रिनसिटीले मामाघर नेपाललाई खाद्यान्न सहयोग गरेको छ । मामाघर नेपालमा रहेका बालबालिकाका लागि खाद्यान्न सहयोग भएको हो ।

क्लबका अध्यक्ष दीपेशमणि भण्डारी, कार्यक्रम संयोजक राजदेब बानियाँ, कार्यक्रम व्यवस्थापक दीपक बर्णवाल, क्लबका पूर्वअध्यक्ष राजेश वाग्लेको टोली मामाघर नेपाल पुगेर आवश्यक विभिन्न खाद्यान्न सहयोग गरेको हो । क्लबले सेवा सप्ताह अन्तर्गत सहयोग गरेको पूर्वअध्यक्ष वाग्लेले बताए । क्लबले विगतमा पनि अक्सिजन बैंक, सडकआश्रितलाई मानवलाई पनि निशुल्क भोजन सेवा गरेको थियो । क्लबले यस्तो सामाजिककार्य निरन्तर जारी रहने जानकारी दिएको छ ।




# ट्रकको ठक्करबाट मनहरीका शिक्षक मोक्तानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९ ज्यामिरे १४ माइलमा आइतबार दिउँसो सवारी दुर्घटनामा मनहरीका शिक्षक सूर्यबहादुर मोक्तानको ज्यान गएको छ । ट्रक र मोटरसाइकल आपसमा ठोक्किँदा मोटरसाइकल चालक मोक्तानको मृत्यु भएको हो ।

हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख ८९२१ नम्बरको ट्रक र मनहरीबाट रजैयातर्फ आउँदै गरेको ना ४६ प ६०२८ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल चालक मनहरी गाउँपालिका-७ निवासी ३८ वर्षीय शिक्षक मोक्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

दुर्घटनामा परी गम्भीर घाइते मोक्तानको मनहरी अस्पतालमा प्राथमिक उपचार पश्चात् थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवनमा लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको प्रहरी नायव उपरीक्षक बोगटीले बताए । ठक्कर दिने ट्रक र चालक हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङ निवासी ५४ बर्षीय बुद्धिबहादुर स्याङ्तानलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

शिक्षक मोक्तान मनहरी-६ सुनाचुरीस्थित राष्ट्रिय माविका पूर्व प्रधानाध्यापक हुन् । हाल राक्सिराङ गाउँपालिकामा कार्यरत शिक्षक मोक्तान मनहरी गाउँपालिकाले पशुपतिनाथ माविको गोलघर खेलमैदानमा आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समापन कार्यक्रममा सहभागी हुन कार्यक्रम स्थलमा आउँदै गर्दा मोटरसाइकल दुर्घटनामा परेको बताइएको छ ।

# सुन्दर सहकारीको साधारणसभामा अनुप्रस्था देवकोटालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/एसइई २०८१ को नतिजामा ४ जिपिए ल्याउन सफल अनुप्रस्था देवकोटालाई सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सम्मान गरेको छ ।

आइतबार सम्पन्न सहकारीको १७ औं वार्षिक साधारण सभामा अनुप्रस्थालाई सम्मान गरिएको हो । कार्यक्रममा अनुप्रस्था अनुपस्थित रहेकाले उनका बुवा शैलेन्द्र देवकोटालाई सम्मानपत्र प्रदान गरिएको थियो । शैलेन्द्र देवकोटा सहकारीको लेखा समिति सदस्य हुन् । साधारणसभामा सहकारीका अध्यक्ष शम्भु नकर्मीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरे । कोषाध्यक्ष दीपक देवकोटाले आर्थिक प्रतिवेदन र लेखा समिति सदस्य देवकोटाले लेखा प्रतिवेदन प्रस्तुत गरेका छन् ।

हाल सहकारीमा ८३७ जना शेयरसदस्य आबद्ध रहेका छन् । सहकारीको शेयरपुँजी १ करोड ६ लाख रुपैयाँ रहेको छ भने बचत संकलन ३ करोड ८३ लाख ६० हजार रुपैयाँ, कर्जा लगानी २ करोड ७७ लाख ३५ हजार रुपैयाँ रहेको सहकारीको प्रतिवेदनमा उल्लेख रहेको छ । कार्यक्रममा ऊँ वृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ, सहकारीका सल्लाहकार फणिन्द्र तिमल्सिना, केदारलाल श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

# सगरमाथा बचतको निक्षेप दायित्व २७ करोड ७ लाख

साझाकुरा संवाददाता



हेटौंडा, २७ पुस/ हेटौंडा-४ स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष आयुषकुमार डोटेलको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ७ सय २१ जना शेयरसदस्य रहेको संस्थामा गत आर्थिक वर्ष २०८१/८२ मा ६ हजार ४ सय ११ जना शेयर सदस्य पुगेका छन् । गत आर्थिक वर्षसम्म संस्थाको शेयरपुँजी ३ करोड १८ लाख ९८ हजार १ सय रुपैयाँ रहेको छ भने संस्थाको निक्षेप दायित्व २७ करोड ७ लाख ४५ हजार १ सय ६४ रुपैयाँ रहेको छ । अघिल्लो आर्थिक वर्षभन्दा गत आर्थिक वर्ष शेयरसदस्य संख्या घटेपनि शेयरपुँजी १४ प्रतिशतले वृद्धि भएको छ । संस्थाले आर्थिक वर्ष २०८१/८२ मा ३ करोड ८७ लाख २० हजार ९ सय ७८ रुपैयाँ कुल आम्दानी प्राप्त गर्दा विभिन्न शीर्षकमा १ करोड ३३ लाख ७९ हजार ९ सय ३ रुपैयाँ खर्च गरेको छ ।

आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्म संस्थाको तरलता ९ करोड ५० लाख ५३ हजार ८ सय ५ रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा ३१ करोड ६२ लाख ४४ हजार ९ सय ४१ रुपैयाँको कारोबार गरेको संस्थाले ४ लाख ८८ हजार १ सय ८८ रुपैयाँ खुद नाफा प्राप्त गरेको जनाएको छ । संस्थाको नगद सुरक्षणको लागि १० लाख रुपैयाँसम्मको क्यास इनसेफ र ५ लाख रुपैयाँसम्मको ट्रान्जिट बीमा गरेको छ । सहकारीले वार्षिक साधारणसभाको अवसरमा उत्कृष्ट कर्मचारी तथा शेयरसदस्यलाई सम्मान गरेको छ ।

सम्मानित हुनेमा उत्कृष्ट असल बचतकर्ताको रुपमा हेटौंडा-६ का कमलप्रसाद न्यौपाने र उत्कृष्ट असल ऋणीको रुपमा हेटौंडा-४ की झकमाया सिलवाल सम्मानित भएका हुन् । उत्कृष्ट युवाउद्यमी व्यवसायीका रुपमा पुरुषतर्फ अभिषेक अधिकारी र महिलातर्फ शर्मिला पुडासैनीलाई सम्मान गरिएको छ । संस्थाका वरिष्ठ कार्यालय सहायक सविना दंगाल र वरिष्ठ बजारप्रतिनिधि सविना न्यौपाने सम्मानित भएका छन् ।

साझाकुरा

## हाम्रो कुरा

# थाहा दिवसको महत्व

थाहा अर्थात मान्छेमा चेतना जनाउने अभियान हो । थाहा आन्दोलनका प्रणेता स्वर्गीय रुपचन्द्र बिष्ट (रुदाने) को ९२ औं जन्मजयन्तिको अवसरमा थाहा नगर पालिकामा विविध कार्यक्रमसहित थाहा दिवस २०८२ मनाइएको छ । रुदानेको जन्मस्थल थाहा नगरपालिका-३ अन्तर्गत शिखरकोटस्थित विकासघरमा आयोजित कार्यक्रममा रुदानेको योगदान, दर्शन र थाहा आन्दोलनको ऐतिहासिक महत्वलाई स्मरण गरिएको हो ।थाहा अभियानका संस्थापक अभियन्ता रुदाने अर्थात रुपचन्द्र बिष्ट भौतिकवादमा विश्वास राख्ने भएकोले कम्युनिस्ट सिद्धान्तमा झुकाव बढी थियो । कम्युनिस्ट सिद्धान्तको भौतिकस्वरुप यदि हुनपर्ने हो भने त्यो रुदाने नै हुन् भनेर बिरोधीहरुले भन्ने गरेका थिए । उनले मानिसको काम गराई विशेषता अवस्थाको हिसाबमा ब्यबहार देखाउँथे । रुपचन्द्र विष्टले २०३८ र २०४३ सालमा मकवानपुरबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गरेका थिए । उनी पर्चा पम्पेलेटमा तस्विर हैन विचार लेख्थे । तिनै पर्चा बेचेर चुनावखर्च जुटाउँथे । उनले कहिल्यै पनि रुपचन्द्र विष्टलाई भोट देऊ भनेनन् । मात्र विचार बाँडे, छाप्रे जगाउँन जीवनका महत्वपूर्ण अवधि बिताए । उनका विचारसँग सहमत हुनसक्नेलाई पनि स्वविवेकले चल्न भन्थे । तर, सबैले सबैका विचार, भावना, सिद्धान्त र क्रियाकलापको साक्षी हुन सक्नुपर्छ भन्ने उनको तर्क थियो ।

राष्ट्रिय पञ्चायतको सदस्य भएर पनि पञ्चायतकै विरोधमा विचार व्यक्त गरेर बौद्धिक वर्चस्व राख्न सक्ने महान योद्धा थिए रुदाने । उनले पञ्चायतकालमै संविधानसभाको आवश्यकता देखेर जोडदार आवाज उठाएका थिए । विसं २०३० सालतिर विष्टले थाहा आन्दोलन सुरु गरेका थिए । बिष्ट र उनका सहकर्मीले चट्टान, भित्ता, पर्खाल, रुखदेखि खाली कागज र चुरोटको बट्टासम्ममा 'थाहा' लेख्ने काम भएको थियो । 'थाहा' नेपाली छाप्राहरुमा पुगेको पहिलो दार्शनिक आन्दोलन थियो । थाहा आन्दोलनको सबभन्दा ठूलो उपलब्धि थियो 'रुदाने जजसको घर-आँगनमा पुगे, तिनले जीवनमा पहिलोचोटि 'जान्नु र बुझ्नु (अर्थात् थाहा पाउनु) हाम्रो अधिकार रहेछ' भन्ने जानेका थिए । 'जातभन्दा जनता, नाताभन्दा न्याय र स्वास्थ्य भन्दा सत्य ठूलो हो' भन्ने स्व. विष्टलाई शत्रुले चिनेका थिए तर, मित्रुले चिन्न नसकेको बिश्लेषण गरिन्छ । थाहा नगरपालिका वडा नं. ३ र ४ को सहयोग तथा फरक सोच अभियानको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा स्वर्गीय रुपचन्द्र बिष्टको पूर्णकदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो । थाहानगरबासीले रुदानेलाई जनताको चेतना जगाउने, जनमुखी र विकासप्रेमी महान व्यक्तित्वको रुपमा स्मरण गर्दै उहाँको विचार आजको समाजका लागि अझै सान्दर्भिक रहेको बताएका छन् । रुदानेको संघर्ष र दर्शनले स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सकारात्मक सोच विकास गर्न प्रेरणा दिएको छ । रुदाने कुनै एक दल वा विचारधाराको सीमाभित्र सीमित व्यक्तित्व थिएनन् । रुदानेको दर्शनलाई सबै राजनीतिक दलले आत्मसात गर्नु आजको आवश्यकता हो । रुदानेको जन्मस्थल घर्तीखोलामा उहाँको स्मृतिमा संग्रहालय स्थापना गर्न नगरपालिकाले पहल थाल्ने प्रतिबद्धता नगरउपप्रमुख भरत गोपालीले व्यक्त गरेका छन् । जनमुखी सहकर्मी रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगरपालिकामा जनताले 'थाहा पाउन' भनेर खोलिएका वर्षौं पुराना पुस्तकालय अलपत्र छ ।

थाहानगरभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । तर, 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो देखिँदैन । थाहा नगरसँग 'थाहा'को अर्थपूर्ण साइनो छ । यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो मेटाउने त होइन ? भन्ने चिन्ता यतिबेला थाहानगरका मात्र होइन मुलुकभरका पुस्तकप्रेमीलाई परेको छ । मकवानपुरको उत्तरी ग्रामीणभेग थाहानगरको शिखर कोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखरबजारको सूर्योदयलगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् । अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमी गुनासो गर्छन् । पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ । थाहा दिवसको आगामी कार्यक्रम यस्ता विषयमा केन्द्रित किन नगर्ने त ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २९ गते मंगलबार १३ जनवरी २०२६ । दशमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२७ । राष्ट्रिय भक्का दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासँग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# गगन-विश्वको निर्णायक दायित्व



✍सुदर्शन आचार्य

नेपालको लोकतान्त्रिक आन्दोलनको मियो शक्ति भनेर चिनिएको नेपाली कांग्रेसको नियति पनि बडो बुझिनसक्नुको छ । २००७ सालको जनक्रान्ति सम्पन्न पश्चात्देखि कांग्रेसलाई कमजोर बनाइने खेल प्रारम्भ भएको, आजपर्यन्त उक्त खेल जारी छ । कांग्रेस कमजोर बनाउने खेलमा हिजो तथाकथित 'दरबार' उपयोग भएथ्यो, आज कांग्रेसलाई कमजोर बनाउने शक्तिकेन्द्र परिवर्तन भएका छन् । तर, भन्नै पर्ने हुन्छ- 'कांग्रेसलाई कमजोर बनाउन उपयोग हुने पात्र भने कांग्रेस भित्रै छन् ।'

सत्ता स्वार्थका लागि हरकदम जायज ठान्ने पात्र कांग्रेसभित्रै भएकैले इतिहासमै कांग्रेसले चैनको सास फेर्न पाएन । पञ्चायतकालीन कालखण्डलाई छाडिदिऊँ, २०४८ सालको आमनिर्वाचनमा किशुनजी (कृष्णप्रसाद भट्टराई)को हारपश्चात् गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री चयन भए । तत्पश्चात् सन्त नेता किशुनजीलाई उपनिर्वाचन लडाइयो र हराइयो पनि ! किशुनजीलाई हराउने काममा गिरिजाप्रसाद निकट केही संदिग्ध व्यक्ति पूरै शक्ति खर्चेर लागेकै थिए । कांग्रेस कमजोर बनाउने यात्रा पछिल्लो समय यहींबाट प्रारम्भ भयो ।

प्रधानमन्त्री बन्न पुगेका गिरिजाप्रसाद कोइरालाले सरकारको नीति तथा कार्यक्रम त पेश गरे, उक्त कार्यक्रमलाई पार्टीभित्रको बेमेलकै कारण असफल गराइयो । लगत्तै पार्टी फुटाउने तयारीमा कोइराला लागिहाले । अनौठो नै मान्नुपर्दछ, तिनै पराजय भोग्न पुगेका किशुनजीले कांग्रेसलाई आफूले विष पिएर फुटबाट जोगाए । आज त्यही विष पिएर भए पनि कांग्रेसलाई फुट्नबाट जोगाउँछौं भन्दैछन्- महामन्त्रीद्वय 'गगन थापा र विश्वप्रकाश शर्मा ।' हुन पनि, किशुनजी र गिरिजाप्रसादको त्यो राजनीतिक युद्ध तथा बेमेल पश्चात् शक्तिको केन्द्र भागमा पुगेका शेर बहादुर देउवाले सत्ता सम्हाले यता 'संकटकाल, संसद् विघटन, निर्वाचनको घोषणासँगै पार्टी विभाजनसम्म' के मात्रै गरेनन् !

विभाजित पार्टी स्वयम् लिएर राजाको कदमको विरुद्धमा वृद्ध गिरिजाप्रसाद सडकमा जाँदै गर्दा प्रजातान्त्रिक कांग्रेस नामको 'दोकान' खोल्न पुगेका देउवाले 'गोर्खाली राजाले न्याय गरे' भन्दै सरकार बनाउन पुगे भने त्यही सरकारमा 'प्रतिगमन आधा सच्चियो' भन्दै नेकपा एमाले समेत देउवा सरकारमा सामेल हुनपुग्यो । अन्ततः पुनः राजाद्वारा सत्ताच्यूत गरिन पुगेका 'देउवा-एमाले' लगायत दल सडकमै पुगे । उता, कांग्रेस आन्दोलनको मोर्चाबाट फिर्ता भएकै थिएन । कालान्तरमा दिल्लीमा सम्पन्न बाह्रबुँदे पश्चात् प्रतिनिधिसभा पुनर्स्थापना भयो, सत्ता साझेदारी हुँदै दुई पटक संविधानसभाको निर्वाचन सम्पन्न पश्चात् मुलुकले अर्कै कोर्स लियो ।

यहाँसम्म आइपुग्दा पनि देउवाको भूमिका लोकतन्त्रका लागि सुखद् देखिएन । कर्णलाई युद्धको मैदानमा रथको पांग्रा भासियोस् भनेर श्राप दिइए जस्तै देउवाले जहाँ-जहाँ जति हात हाले, त्यहीं विग्रह बाहेक कांग्रेसका लागि उपलब्धि हासिल हुने काम नै हुन सकेन । राणाकालीन समयमा सर्वस्वहरणमा परेका, पञ्चायतमा परिवारसँग घरमै बस्न नपाएका, माओवादी द्वन्द्वकालमा फरक विचार बोकेकै कारण गाउँबाट उठिबास नै लाग्दा पनि कोही कांग्रेस पार्टी फुटाउन र पार्टीबाट बाहिरिन तयार थिएनन् ।

तर, जब शेरबहादुर देउवामा जसरी पनि सत्तामा पुग्ने अभिलाषा पलायो, तब कांग्रेसभित्र विग्रह प्रारम्भ हुन पुग्यो । अझ, आजका मितिमा देउवाको उक्त चाहनाका सारथिको रूपमा डा. शेखर कोइराला देखा परे, तब कांग्रेस एउटै र सग्लै रहनेमा आशंका देखिन थाल्यो ।

नेपाल ट्रष्टको जग्गा लिज प्रकरणमा मुछिएका, पार्टीको पदाधिकारीमा रहेर अकुत सम्पत्तिको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिन धाइरहेका, सुडान प्रकरणमा पूरक अभियोजन तयार हुँदा केस लाग्ने निश्चित रहेका, भ्रष्टाचारकै मुद्दामा विशेष अदालत धाइरहेका र कार्यकर्ता तथा जनताबाट पटक-पटक अनुमोदित हुन नसकेको एउटा ठूलो पंक्ति देउवासँग छ । र, भन्दैछ- पार्टी विधानमा उल्लेख भएको भए तापनि 'विशेष महाधिवेशन' अवैध हो । विशेष महाधिवेशनलाई अवैध ठहऱ्याउँदै गर्दा एकातिर सुशासनका पक्षधर 'गगन-विश्व'लाई पार्टीबाटै हटाउन सकिने र अर्कातिर कांग्रेसभित्रै बसेर भ्रष्टलाई कारबाही गर्नै पर्ने 'गगन-विश्व'को आवाज पनि मत्थर हुने बुझाइ पार्टी संस्थापन पक्षको देखिन्छ । त्यसका निम्ति ५४ प्रतिशत महाधिवेशनका प्रतिनिधि र गगन-विश्वहरू माथि कारबाहीको मनोवैज्ञानिक त्रास सिर्जना गरेर आजबाट भृकुटीमण्डपमा प्रारम्भ 'विशेष महाधिवेशन'को औचित्य माथि पार्टी संस्थापन पक्षबाट प्रश्न उठाइएको छ । सँगै, पार्टी कार्यालयमा उदेकलाग्दो तरिकाले 'काउन्टर भेला' समेत आयोजना गरिएको छ !

पार्टी फुटाउन बानी परेका देउवा र फुटाउन साथ दिने विमलेन्द्र निधि, प्रकाशमान सिंह र गोपालमान श्रेष्ठहरूका लागि कांग्रेसभित्र विकसित घटनाक्रम सामान्य लाग्न सक्दछ । तर, कांग्रेस भएबापत जीवनभर एउटा क्रियाशील सदस्यता बाहेक लाभको पद नपाएका ती महाधिवेशन प्रतिनिधि लगायत र तिनकै बलमा राजनीतिमा टिक्न सफल 'गगन-विश्व'बाट कांग्रेस फुटाइने वा विशेष महाधिवेशनको हल्लले कांग्रेस फटाउने कल्पनासम्म पनि गर्न सकिन्न ।

सँगै, एमाले अध्यक्ष केपी ओलीको चाहना र डिजाइनमा 'गठबन्धन विरोधी' छवि बनाएका 'गगन-विश्व'लाई पार्टीबाटै निष्काशन गरेर ओलीकै डिजाइनमा गठबन्धन गरेर आसन्न निर्वाचनमा 'लाज ढाक्ने' प्रयत्नमा 'ओली-देउवा' छन् भन्ने कुरा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि र ती प्रतिनिधिले भरोसा राखेका नेताद्वय 'गगन-विश्व'ले नबुझ्ने कुरै भएन । 'देउवा-ओली' गठबन्धन बेगर जनतामा जानै सकिन्न भन्ने निष्कर्षमा छन् भन्ने विषय त राष्ट्रिय सभा उम्मेदवारको उम्मेदवारी र गठबन्धनबाटै प्रष्टिन्छ ।

भारत भ्रमणअघि राष्ट्रिय सभामा साझेदारी गर्न तयार पूर्व माओवादी अध्यक्ष प्रचण्डले चाहिं कुरा बुझेरै हुनुपर्दछ, एमालेकै पछाडि लागिरहँदा थप क्षति व्यहोर्नुपर्ने आकलन सहित उनले नेतृत्व गर्ने पार्टी नेकपा भने गठबन्धनबाट व्याक हुन पुग्यो । कांग्रेसभित्रको राजनीतिमा आवेगमा नआई विवेक पुऱ्याउने पालो अब ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हो । ५४ प्रतिशतको आँकडा बढेर ६५ प्रतिशत भन्दा माथि पुग्ने निश्चितप्रायः छ । पार्टीका ५० प्रतिशत भन्दा माथि महाधिवेशन प्रतिनिधिले लिने निर्णयले वैधता पाउने पनि कानूनतः निश्चित छ । बहुमत महाधिवेशन प्रतिनिधिले 'गगन-विश्व-प्रदीप' लगायत लोकप्रिय नेतालाई पार्टी सभापति, उपसभापति र महामन्त्रीको माला लगाएर सानेपा लैजाने वैधानिक हैसियत राख्दछन् पनि । त्यसरी परिवर्तन हुने नेतृत्वले नयाँ नीति सहित आसन्न निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाउने निश्चित पनि छ ।

तर, यहींनिर प्रश्न उठ्छ- निर्वाचन आयोग संवैधानिक निकाय भने पनि कांग्रेसभित्रको यो विवादको छिनोफानोमा 'गुण्डु' हावी हुने निश्चित छ । हिजो माधवकुमार नेपालकै र आज विशेष महाधिवेशन पक्षधरको निवेदनमा आयोगले देखाएको पक्षधरताबाट बुझ्न सकिन्छ- निर्वाचन आयोगले पक्षधरता नलिई काम गर्नै सक्दैन । अर्कातिर, महामन्त्रीद्वयलाई झुक्याउने मामिलामा संस्थापनका सात भाइ सहित कार्यवाहक सभापति समेत सामेल भएर झुक्याउन 'आठभाइ' तयारै थिए । ती आठभाइ बाहेक हिजो संस्थापनइतर भनिएका 'डा. शेखर'समेत सामेल भएर पार्टीभित्रको परिवर्तनकारी शक्तिलाई कमजोर बनाउने एउटा मोर्चा नै निर्माण भएको छ । तसर्थ, यतिबेला अत्यन्त विवेक पुऱ्याउँदै निर्णय लिने पालो 'विशेष महाधिवेशन' पक्षधरको हो । जो निकै ठूलो उत्साहका साथ भृकुटीमण्डपमा जम्मा भएका छन् ।

विशेष महाधिवेशनका प्रतिनिधिले 'जोखिम' मोलेकै हो । 'साम, दाम, दण्ड, भेद' महाधिवेशन प्रतिनिधिमाथि प्रयोग गरिएकै हो । तर, संस्थापन पक्षको राप र ताप तथा बीचमै भावी सभापति र प्रधानमन्त्रीको संस्थापन पक्षले देखाएको लोभमा फस्न पुगी कांग्रेस रूपान्तरण सहित पुस्तान्तरणको मुद्दा नै छाडेर संस्थापन बन्न पुगेका डा. शेखर समेतको दबाबका बीच पनि ५४ प्रतिशतबाट बढेर विशेष महाधिवेशन पक्षधरको संख्या ६० भन्दा माथि पुग्नुलाई सामान्य मान्न सकिन्न । अब सिंगै नेपाली कांग्रेस नामको 'घर' प्राप्तिका निम्ति अर्थात् आसन्न नेपाली कांग्रेसको सिंगो केन्द्रीय नेतृत्व प्राप्त गर्नका निम्ति आजबाट प्रारम्भ 'विशेष महाधिवेशन'लाई 'नीति महाधिवेशन'मा रूपान्तरण गरी भोलिको सिंगै कांग्रेस आफ्नो बनाउने महान् अभियानमा भृकुटीमण्डपमा उपस्थित सम्पूर्ण प्रतिनिधि लाग्न जरूरी छ ।

हो, थाहा छ- गगन, विश्व, प्रदीपहरूलाई सभापति, उपसभापति, महामन्त्री बनाएर बाजागाजा सहित सानेपा भित्र्याउने भृकुटीमण्डपमा उपस्थित प्रतिनिधिहरूको चाहना छ । तर, त्यो चाहनाको विषय निर्वाचन आयोग र न्यायालयसम्म कथं पुग्यो भने पार्टीको पनि र आसन्न प्रतिनिधि सभाको निर्वाचनअगाडि त्यो मुद्दाले निराकरण पाउने सम्भावना नै छैन ।

तसर्थ, कांग्रेस रूपान्तरण सहित पुस्तान्तरणको 'एक दशकको यात्रा'को रोडम्याप तयार सँगैह गगन, विश्वलाई पार्टीबाटै निष्काशन गर्ने पार्टी संस्थापनको चाहनालाई विशेष महाधिवेशनका प्रतिनिधिले निष्प्रभावी बनाउन जरूरी छ । यसको अलावा 'देउवा-कोइराला' डिजाइनमा महाधिवेशन हलभित्र जबर्जस्त रूपमा नयाँ नेतृत्व चयन भएको बताएर होहल्लाका बीच नेतृत्वलाई माला लगाइदिएर नियोजित रूपमा नौटंकी गर्ने र पछि सानेपा बैठकबाट 'गगन-विश्व'लाई पार्टीबाटै हटाइने खतरा पनि उत्तिकै छ । यो नौटंकी बारे विशेष महाधिवेशनका पक्षधर सचेत रहन जरूरी छ । घरझगडामा रुमल्लिएको कांग्रेस लिएर गठबन्धन निर्माण गर्दै आफ्नो पार्टीलाई ठूलो बनाउने ओली चाहना, पार्टीबाटै गगन-विश्वलाई निष्काशन गरिछाड्ने शेखर सहितको संस्थापनको चाहना, कांग्रेसमा देखाउन लायक 'फेस भ्यालू' भएका गगन-विश्व निष्काशनमा परे भने आफ्नो पार्टी ठूलो बनाउन सकिने नयाँ दलको चाहनाको 'हतियार' विशेष महाधिवेशनका प्रतिनिधि बन्न हुन्न ।

यी सम्पूर्ण योजनालाई पानी फोका झैं निस्तेज बनाउनका निम्ति दुई वा तीन दिन भृकुटीमण्डपमा पार्टीले भावी दिनमा लिने नीतिका उपर विहंगम बहस गरी आज हारेको जस्तो देखिए पनि दुई कदम अगाडि बढ्न भृकुटीमण्डपमा उपस्थित महाधिवेशन प्रतिनिधि एक कदम पछाडि हट्नै पर्दछ । यसै तह कांग्रेस, एमाले, नेकपा आदिको 'छवि' खर झैं सुकेको छ । यहीबेला उनीहरूको सुकेको 'खरबारी'मा सलाई कोरेर लगाउने शक्ति मजबूत भएकै बेला विवेकसम्मत निर्णयका निम्ति भृकुटीमण्डपमा उपस्थित महाधिवेशन प्रतिनिधि एक कदम पछाडि हट्नु परेको हो । यो पनि थाहा छ, यतिबेला संस्थापन पक्ष सहित डा. शेखर समेतले 'गगन-विश्व'ले चिसै पानीले नुहाए भन्ने भाष्य समेत निर्माण गर्नेछ । वास्तविकता त्यो होइन, विशेष महाधिवेशनका हस्ताक्षरकर्ता ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि मात्र नभई आसन्न पनि महाधिवेशनमा प्रतिनिधि भएर आउने प्रतिनिधिकै बलमा 'गगन-विश्व'लाई सिंगै कांग्रेस प्राप्त हुँदैछ ।

यतिबेला आवेगमा आएर एउटा वैधानिक प्रावधानको हाँगो समाएर संवैधानिक निकायदेखि प्रतिस्पर्धी दलसम्मलाई खेल्ने मौका नदिनु नै सिंगै कांग्रेसका लागि श्रेयस्कर छ । संस्थापन पक्षको विवेक त कति छ भन्ने कुरा आजका मितिसम्मको हर्कतले देखाइसकेको छ । तसर्थ, यतिबेला ती किशुनजीले जस्तो विष पिएर पार्टीलाई जोगाउने नैतिकताको आशा देउवाबाट राख्नु आफैंमा मूर्खता हो । सँगै अर्को पनि कुरा निश्चित छ, देउवासँगै भृकुटीमण्डप पुगेर विशेष महाधिवेशनका प्रतिनिधिसामु शेरबहादुरजी र म कांग्रेसको आगामी सभापतिमा लड्दैनौं, भोलिको कांग्रेस तपाईंहरूकै हो, वैचारिक कांग्रेस निर्माण गर्नुस् भनेर डा. शेखरले समेत नैतिक साहस देखाउने छैनन् । तसर्थ, देशकै राजनीतिक अभिभावकको भूमिका खेल्न सक्ने कांग्रेस निर्माणका लागि 'विष' पिउने पालो 'गगन-विश्व'को हो ।

र, परिपक्व निर्णय लिने पालो भृकुटीमण्डपमा उपस्थित विशेष महाधिवेशनका प्रतिनिधिको हो ।संकटको कांग्रेसलाई पार लगाएर जेनजी विद्रोह पश्चात् बाटो बिराएको राजनीतिलाई समेत आसन्न निर्वाचन मार्फत 'ट्ऱ्याक'मा ल्याउन प्रेरणादायी भूमिका विशेष महाधिवेशनमा उपस्थित प्रतिनिधिको हुन सक्दछ । जुन भूमिकाले 'गगन-विश्व'को आत्मबल त बढ्छ नै, कांग्रेसबाट 'गगन-विश्व'लाई हटाउने संस्थापन पक्षको चाहनामा बार लगाउन सक्दा बलियो बन्ने कांग्रेसका माध्यमबाट लोकतन्त्र समेतलाई लयमा ल्याउन सम्भव छ । यसको अलावा स्वतःस्फूर्त हस्ताक्षर गर्न पुगेका ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिलाई पार्टी भित्रको, बाह्य र अन्य राजनीतिक चित्रसँगै संस्थापन पक्षको 'डरलाग्दो गेम' बुझाउँदै संगठित कांग्रेस निर्माणमा एकताबद्ध हुन आह्वान गर्ने दायित्व भने 'गगन-विश्व'को हो । यसैमा कांग्रेससँगै लोकतन्त्रको समेत भविष्य सुनिश्चित देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# युवाहरूको आन्दोलन र नेपाली राजनीति

✍श्यामप्रसाद मैनाली

लामो समयदेखिको राजनीतिक इतिहास अध्ययन गर्दा नेपालको राजनीति सधैं अस्थिरताबाट गुज्रिएको छ । नेपालको राजनीतिमा भूराजनीतिको प्रभाव आन्तरिक प्रभावभन्दा अत्यन्त ज्यादा देखिँदै गएको छ । कुनै पनि राजनीतिक आन्दोलनहरुका पछाडि ठूलो अन्तर्राष्ट्रिय शक्तिको भूमिका रहेको देखिन्छ । राजनीति आफैंमा गतिशील हुन्छ । जनताको इच्छा र आकांक्षाका आधारमा कुनै पनि देशको राजनीति परिचालित हुनुपर्दछ । जनताबाट विमुख हुँदै सञ्चालन गरिएको राजनीतिले दिगोपना प्राप्त गर्न सक्दैन । जनताका आवश्यकता र चाहनालाई शिरोपर गरेर अघि बढ्ने राजनीतिले नै दिगोपना कायम गर्न सकेको छ । शासन शैली निरंकुश हुँदा राजनीतिक पद्धति जतिसुकै सबल, सक्षम र लोकतान्त्रिक भए पनि जनताले धाराशायी बनाइदिएका उदाहरणहरू विभिन्न देशहरुमा देखिएका छन् । स्वभावतः नेपाल पनि यसबाट अछुतो रहेको छैन ।

विभिन्न देशमा आएको राजनीतिक परिवर्तनको प्रत्यक्ष प्रभाव अन्य देशहरूमा पनि पर्न सक्छ । त्यसैले राजनीति अत्यन्त संवेदनशील हुन्छ । सधैं जनतालाई सन्तुष्ट राखी अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलनमा राख्न सक्ने सरकार र शासकहरू मात्र सफल हुन सक्छन् । यही सामान्य कसीमा अमुक देशका शासकहरूको शासन अवधिको निरन्तरताको बारेमा अनुमान गर्न थालियो भने त्यस्ता अनुमानहरू सत्यको नजिक पुग्नेछन् । नेपालमा यही वर्ष जेन्जी युवाहरूले गरेको आन्दोलनको सफलताले पनि यही आत्मसात् गरेको देखिन्छ । यो आलेख विश्वमा यस्ता युवाहरूको आन्दोलनबाट भएका राजनीतिक र सत्ता परिवर्तन, विश्व राजनीतिमा यिनीहरुले पारेको प्रभाव र यी युवाहरूको अमुक देशको राजनीतिमा कस्तो किसिमको प्रभाव पर्दै गएको देखिन्छ ? यही विषयमा केन्द्रित भएर तयार पारेको छु । विभिन्न देशहरूमा युवाहरूको नेतृत्वमा भएको आन्दोलनले कसरी सफलता प्राप्त गरेको छ ? सरकार गठन नयाँ संविधान लेखनजस्ता सन्दर्भमा के-कस्ता भूमिका आन्दोलनकारी शक्तिहरूले खेल्न पुगेका छन् ? ती विषयमा उल्लेख गर्ने प्रयाससमेत गरिएको छ ।

**अन्तर्राष्ट्रिय उदाहरणहरू :**

शासन सत्तासँग व्यापक असन्तुष्टि व्यक्त गर्दै विभिन्न देशमा युवाहरुले राजनीतिक आन्दोलन छेडेर सफलता प्राप्त गरेका छन् । यी सफलताहरु प्राप्त गर्नेहरूमा नेतृत्वविहीन आन्दोलनहरु पनि रहेका छन् । नेतृत्वसहितको युवा आन्दोलनले राजनीतिको भविष्य निर्देश गर्न सक्छ । तर नेतृत्वविहीन आन्दोलनबाट भएका धेरैवटा आन्दोलनहरु सफल भएका छन् । शासन सत्तालाई ठूलो दबाब पनि सिर्जना भएको छ । तर दूरगामी सोचविनाको विभिन्न प्रकारका मागहरू राखी गरिएको यस्ता आन्दोलनहरुले राजनीतिक अन्योलता वृद्धि गरेको देखिन्छ ।

केही देशहरुमा यस्ता आन्दोलनहरु कसरी उठान भए ? मागहरु के-के थिए ? ती मागहरू पूरा गर्न आन्दोलनकारीहरु सफल भए कि भएनन् ? यी विषयमा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ ।भारतमा २०११ देखि ०१३ सम्म भ्रष्टाचारविरोधी आन्दोलन प्रारम्भ भयो । अन्ना हजारे आन्दोलनले जनतामा प्रभाव पार्न सफल बन्यो । राजनीतिक चेतना जागृत गरायो । कांग्रेस आईजस्तो पुरानो र स्थापित राजनीतिक दललाई त्यस दलको शहरी क्षेत्रमा रहेको आधारलाई नै कमजोर बनाइदियो । आन्दोलनकारीहरूले नयाँ दल गठन गरे । राजधानी शहर दिल्लीमै उनीहरूको प्रभाव अत्यन्त ज्यादा देखियो । १९७३ मा थाइल्यान्डमा विद्यार्थीको आन्दोलनले पार्टी नेतृत्वलाई सत्ताबाट हटाएर नयाँ संवैधानिक व्यवस्था गर्न सफल भयो । चेकोस्लोभाकियामा सन् १९८९ मा भेलभेट रिभोलुसनले साम्यवादीहरूको नेतृत्वमा रहेको सरकारलाई सत्ताच्युत गर्न सफल भयो ।

टुनिसियामा एक व्यापारीले आत्महत्या गरेको घटनापछि विद्यार्थी, युवा र जनतासहितको आन्दोलनले राष्ट्रपति बेन अलीको पतन गरायो । धेरै देशको राजनीतिक परिवर्तनमा यो आन्दोलन प्रेरक बन्यो । पुरै शासन प्रणालीलाई नै चुनौती दिएको थियो । बंगलादेशमा युवानेताको हत्या हालै भएको छ । उनले एक वर्षपहिला तत्कालीन प्रधानमन्त्रीलाई विदेश पलायन हुन बाध्य पारेका थिए । सन् २०२४-०२५ मा तत्कालीन प्रधानमन्त्री शेख हसिना बाजेद पदमुक्त भइन् । नयाँ पार्टी जातीय नागोरिकको गठन गरे । विभेदकारी नीति र आरक्षणसम्बन्धी व्यवस्थाको असन्तुष्टिबाट आन्दोलन छेडेको थियो । पछि यसले बृहत् रुप लियो । राजनीतिमा देखिएको अपराधीकरण र विभेदलाई चुनौती दिन सफल भयो ।

सन् २०१८ देखि २४ सम्म भएको युवा र विद्यार्थीको आन्दोलनले बंगलादेशमा सैन्य शासनलाई घुँडा टेकाएको थियो । श्रीलंकामा आरागलायो नामक संघर्षले राजापाक्षेको पारिवारिक शासनको अन्त्य गरिदियो । सन् २०२२ मा देखिएको आर्थिक संकट र भ्रष्टाचारको विरुद्धमा युवाहरू सडकमा निस्किएका थिए । श्रीलंकाको राजनीतिक परिवर्तनका लागि ठूलो दबाब सिर्जना गर्न युवाहरू सफल भएका थिए । माल्दिभ्समा युवाहरूद्वारा सञ्चालित डिजिटल एक्टिभिस्टहरूको आन्दोलनले मौमून अब्दुल गयौंको ३० वर्षको शासन अन्त्य भएको थियो ।

आइसल्यान्डमा सन् २००८ देखि २०११ सम्म भएको प्यान कुकर रिभोलुसनले आर्थिक संकट सिर्जना गरिनुको साथै असन्तुष्टिलाई सडकमा छताछुल्ल बनाएको थियो । यस आन्दोलनपश्चात सरकार परिवर्तन भयो । संविधान संशोधन भयो र बैंकिङ क्षेत्रमा सुधार आएको थियो । चिल्लीमा सन् २०१९ मा भएको सामाजिक आन्दोलनले भाडावृद्धिको विरोध गरेको थियो । यस आन्दोलनको परिणामस्वरूप संविधान संशोधन प्रक्रियाको प्रारम्भ जनमत संग्रहबाट भयो । नयाँ संविधान लेख्ने कार्यका लागि मार्गप्रशस्त गऱ्यो । यी सबै आन्दोलन सफल भएका थिए । अहिलेको परिवेशमा पनि युवाहरूद्वारा सञ्चालित राजनीतिक आन्दोलनहरू प्रायः सफल भएका छन् । आन्दोलन सफल हुन युवाहरूको दबाब विश्वपरिवेशमा अत्यन्त प्रभावकारी देखिएको छ ।

**नेपाली सन्दर्भ :**

विभिन्न कालखण्डहरूमा नेपालमा भएका राजनीतिक विद्रोह र आन्दोलनमा युवाहरूका क्रियाशीलता अत्यन्त महत्वपूर्ण देखिएका छन् । २००६ सालमा प्रजातन्त्रको पक्षमा युवाहरूको योगदानको स्मरण गर्नु जरुरी हुन्छ । राणाहरूको तानाशाही शासन अन्त्य गर्न युवाहरुले आफैंलाई बलिवेदीमा चढाएर सम्मानित शहीदको कोटीमा दर्ज गराएका स्वर्णिम राजनीतिक इतिहास नेपालमा अध्ययन गर्न पाइन्छ । यसमा विद्यार्थी र युवाहरूको अतुलनीय योगदान रहेको थियो । २०४६ सालमा निर्दलीय तानाशाही पञ्चायती व्यवस्थाको विरुद्ध भएको आन्दोलनमा नेपालका विद्यार्थी र युवाहरूको सक्रिय सहभागिता थियो । २०६२-०६३ मा युवा विद्यार्थी र नागरिक समाजको क्रियाशीलताबाट देशमा संघीय शासन प्रणाली, गणतन्त्र र धर्म निरपेक्षता स्थापित गर्न देश सफल बनेको छ । यसै वर्ष नेपालका जेन्जी युवाहरूले अल्पवधिमा सरकार परिवर्तन हुनेसम्मको दबाब सिर्जना गरेको योगदानलाई सम्पूर्ण नेपालीले सम्मान गरेका छन् ।

क्रमशः पृष्ठ-३....

# चुनावको मुखमा देखिन थालेको नक्कली नोट कारोबारको जोखिम



चालु आर्थिक वर्षको ६ महिनामा
बरामद भएका नक्कली नोटको विवरण

| प्रदेश | मुद्दा | पक्राउ | रकमनेरु |
|---|---|---|---|
| कोशी | २ | ४ | ३८००० |
| मधेश | २ | ५ | २१३००० |
| बागमती | ३ | ४ | ११२००० |
| गण्डकी | १ | १ | १५०० |
| सुदूरपश्चिम | २ | ८ | १९००० |
| उपत्यका | १ | ८ | २७३००० |
| जम्मा | ११ | ३० | ६५६५०० |

काठमाडौं/बौद्धस्थित 'लेलिन ब्रान्ड' को फेन्सी स्टोरमा एक व्यक्ति जुत्ता किन्न गए । १४ हजार ५०० मूल्यका ब्रान्डेड जुत्ता किनेका ती व्यक्तिले हजार दरका १५ थान नोट तिरे । अनि, ५०० को एउटा नोट फिर्ता लिएर त्यहाँबाट बाहिरिए । १२ पुसको यो घटना भएको करिब एक घण्टापछि मात्रै पसल सञ्चालकले शंका गरे- जुत्ता किन्ने व्यक्तिले दिएको नोट नक्कली त होइन ? उनले प्रहरीलाई खबर गरेपछि पुष्टि भयो जुत्ता किन्नेले दिएको नोट नक्कली नै रहेछ ।

ती ग्राहकले नक्कली नोटमै साढे १४ हजारको जुत्ता त किने नै, उल्टो ५०० रुपैयाँ सक्कली नोटसमेत त्यहाँबाट फिर्ता लगे । नक्कली नोट पुष्टि भएपछि प्रहरीले अनुसन्धान अघि बढायो । नक्कली नोटमा जुत्ता किन्ने दावा नोर्बु शेर्पा रहेको प्रहरी अनुसन्धानबाट खुल्यो । उनी पक्राउ परे । सिन्धुपाल्चोकको बाह्रबीसे नगरपालिका-२ घर भई काठमाडौं साँखु बस्ने ३२ वर्षीय शेर्पा समातिएपछि उनीमार्फत नै प्रहरीले थप ५ जनालाई पक्राउ गर्‍यो ।

बाह्रबिसे-२ घर भएका ४४ वर्षीय पासाङ शेर्पा, मेलम्ची नगरपालिका-३ घर भएका ३२ वर्षीय प्रकाश गुरुङ, सिन्धुपाल्चोक साँगाचोकगढी नगरपालिका-१० घर भएकी ४२ वर्षीया रेणुका भारती, सिन्धुपाल्चोक बलेफी गाउँपालिका-२ घर भएका ६५ वर्षीय गोकर्ण थापा र काठमाडौं शंखरापुर नगर पालिका-३ का सुकबहादुर स्याङ्बो पनि समातिए । उनीहरूबाट प्रहरीले ९३ थान नक्कली हजार दरका नोट पनि बरामद भयो । एकले अर्कोलाई दोष लगाए पनि नक्कली नोटका मुख्य व्यक्ति भने समातिएकै थिएनन् । भारतमा नक्कली नोट छापेर नेपाल सप्लाई गर्ने गरेको विषय थप अनुसन्धान गर्दा खुल्यो ।

अनि समातिए भारतबाट यसका मुख्य नाइके र उनका सहयोगी । बाराको कलैया उपमहानरपालिका-२ कबलपुरका २८ वर्षीय गौरीशंकर यादव समातिए । त्यसपछि भारतमा बसेर नक्कली नोट छाप्दै नेपाली बजारमा पठाउने बाराकै फेटा गाउँपालिका-३ घर भएका २८ वर्षीय रविकुमार श्रीवास्तव समातिए । भारतीय प्रहरीको सहयोगमा बिहार मोतिहारी लाला टोल पनौनामा अपरेसन चलाएर श्रीवास्तलाई पक्राउ गरेर काठमाडौं ल्याइयो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार पछिल्लो समय नेपाली बजारमा नक्कली नोट पठाउने श्रीवास्तव नै मुख्य व्यक्ति हुन् । 'अहिले नेपाली बजारमा देखिएका नक्कली नोटका मुख्य योजनाकार नै श्रीवास्तव देखिन्छन् । यता (नेपाल)मा पक्राउ पर्ने डरले सीमावर्ती भारतमा बसेर नोट छाप्ने र यता (नेपाल) पठाउने गरेको देखिन्छ,' एसपी भट्टराईले अनलाइनखबरसँग भने ।

यो नक्कली नोटका मुख्य नाइके श्रीवास्तव भोजपुरी गायक समेत हुन् । बिहारस्थित उनको कारखानाबाट प्रहरीले ५ वटा गड्डीमा भारु ५०० दरका ३१७ थान नक्कली नोट, छाप्न ठिक्क पारिएका हजार दरका नेपाली नोट, छाप्ने मेसिनसमेत बरामद गर्‍यो । पछिल्लो तीन महिनादेखि उनले नक्कली नोट छापेर नेपाली बजारमा सप्लाई गरेको परिसरका एसएसपी रमेश थापा बताउँछन् । 'यो समूह पक्राउ नपरेको भए नेपाली बजारमा नक्कली नोट छ्यापछ्याप्ती हुने सम्भावना थियो,' एसएसपी थापाले भने ।

श्रीवास्तले भने ९ लाख रुपैयाँ नेपाली बजारमा पठाइसकेको प्रहरीसमक्ष स्वीकारेका छन् । आरोपीले नै ९ लाख हजार दरका नोट नेपाली बजारमा पठाएको बताएकाले अझै नक्कली नोट फेला पर्ने सम्भावना बाँकी नै छ । त्यसमाथि उनले भनेभन्दा पनि बढी नोट छापेर कारोबार गरिसेकको हुनसक्ने जोखिम रहेको प्रहरी अधिकारीहरू बताउँछन् । '९ लाख नक्कली नोट सप्लाई गरेको त आरोपीले स्वीकारेको कुरा भयो । तर तीन महिनादेखि छापेको भनेपछि यो भन्दा बढी नक्कली नोट नेपाली बजारमा पुगेको हुनसक्छ,' एक अनुसन्धान अधिकृत भन्छन् ।

बजारमा फेला पर्ने नक्कली नोटलाई निर्वाचनसँग जोडेर पनि विश्लेषण गर्नुपर्ने केही सुरक्षाकर्मीको धारणा छ । निर्वाचन निजिकिँदा पैसाको फ्लो बजारमा बढ्ने हुँदा त्यही मौकामा नक्कली नोट घुसाएर कारोबार गर्ने पुरानै शैली रहेको नेपाल प्रहरीका पूर्वएआईजी टेकप्रसाद राई बताउँछन् । 'आपराधिक मनोवृत्ति भएका व्यक्ति जहिले पनि मौकाको खोजीमा हुन्छन् । उपयुक्त समय देखेपछि अपराध घटाइहाल्ने उनीहरूको विगत अध्ययन गर्दा देखिन्छ,' राई भन्छन्, 'चुनाव देशको आवश्यकता हुन्छ । तर केहीले त्यसलाई अपराध गर्ने उपयुक्त समय ठान्छन्, अनि बजारमा नक्कली नोटको सप्लाइ हुन्छ ।'

अहिले जुन परिमाणमा नक्कली नोट बरामद बरामद भएको छ, यसमा सानो अपराधी ग्रुपले पैसा कमाउने उद्देश्य राखेको उनको बुझाइ छ । चुनावमा गाउँगाउँमा पैसा पुग्छ, गाउँमा पढेलेखेका मान्छे पनि कम हुन्छन् । त्यस्ता ठाउँमा यस्तो रकम प्रयोग हुने जोखिम पनि उत्तिकै छ । अहिले फाट्टफुट्ट रूपमा नक्कली नोट देखिए पनि ठूलो संख्या नक्कली नोट देखा पर्न थालेमा त्यसले राष्ट्रिय सुरक्षामै ठूलो चुनौती सिर्जना गर्नसक्ने जोखिम हुने बुझाइ पूर्वएआईजी राईको छ ।

'पहिला स्टेटकै स्पोन्सरको रूपमा नेपालको मार्ग हुँदै तेस्रो मुलुकमा रकम गएको देखिन्थ्यो । त्यसमा कुनै देशको स्वार्थ जोडिन्थ्यो । अहिले त्यो देखिएको छैन । सानो संख्यामा भारतबाट जुन किसिमले रकम आएको छ, त्यसमा आर्थिक उद्देश्य बाहेक अर्को ठूलो कारण देखिँदैन,' पूर्वएआईजी राई भन्छन् । 'स्पोन्सर फेक करेन्सी' नर्मल आँखाले छुट्याउन नसक्ने उनी बताउँछन् । एउटा देशले अर्को देशको को अर्थतन्त्रमा सोझै प्रभाव पार्ने उद्देश्यले फेक करेन्सीको कारोबार त्यतिबेला नेपालबाट हुँदै गएको उनी बताउँछन् ।

राईले संकेत गरेको युनुस अन्सारी प्रकरण हो । पछिल्लो पटक १० जेठ २०७६ मा युनुससहित ६ जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले पक्राउ गरेको थियो । उनीहरूबाट ७ करोड ७६ लाख नक्कली भारु नोट बरामद भएको थियो । यो नोट पाकिस्तानबाट नेपाल आइपुगेको प्रहरी अनुसन्धानबाट खुलेको थियो । यसको गन्तव्य भने भारत थियो । तर त्यहाँ नपुग्दै नोटसहित पाकिस्तानी नागरिक र नेपाली नागरिक युनुस समातिएका थिए ।

भारु नक्कली नोटमा जोडिएपछि युनुसलाई जेल भित्रै गोली हानी हत्या गर्ने प्रयाससमेत भएको थियो । २६ फागुन, २०६७ मा सुन्धारास्थित केन्द्रीय कारागारका कैदी चार्ल्स शोभराजलाई भेट्न गएका भारतीय नागरिक जसजित सिंहले अन्सारीमाथि गोली प्रहार गरेका थिए । अन्सारीमाथि जसजितले हानेको ४ राउन्ड गोली पड्किएन । पाँचौं गोली भने अन्सारीको कुममा लागेर उछिट्टिएको थियो । जेलबाट छुटेपछि फेरि उनी नक्कली भारुमा जोडिएका थिए ।

### 8 लाख नक्कली नोट भेटिए

नेपाल प्रहरीको तथ्यांक अनुसार चालु आर्थिक वर्षको मंसिर महिनासम्म करिब चार लाख नेपाली रुपैयाँ बराबरका नक्कली नोट बरामद भएका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेका अनुसार यो अवधिमा ३ लाख ८३ हजार ५०० नक्कली नेपाली रुपैयाँ बरामद भएका छन् । जसअनुसार कोशी प्रदेशमा यो ६ महिनाको अवधिमा नक्कली नोटसम्बन्धी २ वटा मुद्दा दायर भएका छन् । जसमा ४ जना पक्राउ पर्नुका साथै ३८ हजार नेपाली नक्कली रुपैयाँ र ३६ हजार ५०० नक्कली भारु बरामद भएका छन् ।

मधेश प्रदेशमा पनि २ वटा मुद्दा दायर भएको छ । जसमा ४ पुरुष र १ महिला गरी ५ जना पक्राउ परेका छन् । उनीहरूबाट २ लाख १३ हजार नेपाली नक्कली रुपैयाँ बरामद भएको थियो । बागमती प्रदेशमा भने ३ वटा मुद्दा दायर भएका छन् । ४ जना पक्राउ परेकामा उनीहरूबाट १ लाख १२ हजार नेपाली नक्कली रुपैयाँ बरामद भएको थियो ।

गण्डकी प्रदेशमा १ जनालाई पक्राउ गरेर मुद्दा चलाइएको प्रहरीको तथ्यांक छ । उनीबाट १५ सय नक्कली रुपैयाँ बरामद भएको थियो । लुम्बिनी र कर्णालीमा भने नक्कली नोट बरामद भएको छैन । सुदूरपश्चिमम प्रदेशमा २ वटा मुद्दा दायर भएकोमा ८ जना पक्राउ परेका थिए । उनीहरूबाट १९ हजार नक्कली रुपैयाँ बरामद भएको थियो भने भारु ७३ हजार ५०० बरामद भएको थियो । अहिले काठमाडौंको बौद्ध प्रकरणमा ८ जनालाई पक्राउ गरेर अनुसन्धान गरिएको छ । उनीहरूको पनि संख्या जोड्दा पक्राउ पर्ने र मुद्दाको संख्या थप बढ्ने निश्चित छ ।

### भारतमा छपाइ नेपालमा सप्लाइ

पछिल्लो समय नक्कली नोटमा कारोबार हुनेहरूको नेक्सस दक्षिण छिमेकी भारतीय सीमावर्ती ठाउँहरूमा सोझै जोडिएको देखिन्छ । अहिले बौद्धमा भेटिएको नक्कली नोट छापिएको ठाउँ होस् वा हालै बरामद भएका अन्य नक्कली नोटको उत्पत्ति पनि भारतीय बजारमा भएको देखिएको एक अनुसन्धान अधिकृत बताउँछन् । 'पहिला पहिला नेपालमै मेसिन राखेर नक्कली नोट तयार पारेर बजारमा पठाउने गरिन्थ्यो । अहिले भने पक्राउ पर्ने डरले समावर्ती भारतमा गएर नोट छापेर नेपाल सप्लाइ गर्ने गरेको देखिन्छ,' ती अनुसन्धान अधिकृत भन्छन् ।

नेपाल प्रहरीले चालु आथिर्क वर्षमा नक्कली नोटसहित पक्राउ गरेका २९ जनाबाट बरामद भएको अधिकांश नक्कली नोटको भारतमा छापिएको भेटिएको ती अधिकारी बताउँछन् । यसको मुख्य उद्देश्य नै पक्राउ पर्नबाट जोखिन रहेको प्रहरी अधिकारीहरू बताउँछन् । ओपन बोर्डर (खुला सीमा)को फाइदा उठाएर अपराधीले सीमा पार अपराध गर्ने पूर्वएआईजी राई बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुर बहुमुखी क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालयबीच अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुर बहुमुखी क्याम्पस र सुदूर पश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसबीच शैक्षिक अन्तरक्रिया भएको छ ।

अन्तरक्रियामा मकवानपुर बहुमुखी क्याम्पसका राम्रा अभ्यास, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रिया, अनुसन्धान तथा विकास लगायत अन्य शैक्षिक गतिविधिको विषयमा छलफल भएको थियो । सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसका प्रिन्सिपल प्रा. कुम्भबहादुर चन्द, शिक्षाशास्त्र विभागप्रमुख डा. मदनसिंह देउवा, विद्यार्थी कल्याण तथा खेलकुद प्रमुख उपप्राध्यापक प्रकाशचन्द्र बडु र प्राध्यापक संघ सभापति उपप्राध्यापक किशोर बोहरा लगायत प्राध्यापक तथा कर्मचारीको सहभागीता रहेको थियो ।

मकवानपुर क्याम्पसका सहायक क्याम्पसप्रमुख संगम चौलागाईं, प्रशासक निरंजन पराजुली तथा सहायक प्रशासक रुपक खुलालको उपस्थित रहेको थियो । सहायक क्याम्पस प्रमुख चौलागाई र शिक्षाशास्त्र विभाग प्रमुख डा. देउवाले मन्तव्य व्यक्त गरेका थिए । अन्तरक्रियाले आपसी सम्बन्ध सुदृढ गर्नुका साथै शैक्षिक विकासमा सकारात्मक योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ ।

भविष्यमा संस्थागत सम्बन्धलाई थप मजबुत बनाउँदै लैजान दुवै पक्षबीच आपसी सम्झौता गरी सहकार्यका कार्यक्रम अघि बढाउने सहमति भएको छ । कार्यक्रममा दुवै संस्थाका प्राध्यापक, कर्मचारी र पदाधिकारी सहभागी थिए ।

# झरना साहित्यिक परिवारको ३२२ औं शृंखला सम्पन्न

साझाकुरा संवाददाता




हेटौंडा, २७ पुस/झरना साहित्यिक परिवार मकवानपुरले पुष महिनाको नियमित मासिक कार्यक्रम पुस २७ गते मकवानपुरको ऐतिहासिक स्थल ढुङ्गेगढीमा "बदामसँग कविता" कार्यक्रम सम्पन्न गरेको छ । परिवारकी अध्यक्ष गायत्री रुपाखेतीको सभाध्यक्षता र महाकाव्यकार मुना अर्यालको प्रमुख आतिथ्य रहेको थियो ।

उक्त कार्यक्रममा रमेशमोहन अधिकारी, घनश्याम घिमिरे, जनार्दन खनाल, सुवास खनाल, राजकुमार लामिछाने, डिबी वर्तौला, भावना सापकोटा, किसन पौडेल, राजुराम राउत, ओमभक्त भण्डारी, सानु खनाल, सरिता दहाल, लक्ष्मी कँडेल, रजनी पौडेल, अनु रोक्का, मधुकुमार ढुङ्गाना, नवराज न्यौपानेलगायत साहित्यकारहरूल रचना वाचन गरेका थिए ।

हेटौडादेखि २० किमि पूर्वपट्टि भएको यस कार्यक्रममा ढुङ्गेगढीको प्राकृतिक छटामा रमाउन र बदाम अनि सुन्तलाका साथै साहित्यिक रसपान गर्न मकवानपुरका विभिन्न साहित्यिक संस्थाहरूका प्रमुख, पदाधिकारी तथा स्वतन्त्र साहित्यकारसहित ४० जनाभन्दा बढी सहभागी रहेको उक्त कार्यक्रममा कोषाध्यक्ष अजर फुयाँल तथा सागर तिमल्सिनाको सुमधुर गायनले सहभागीहरूलाई मुग्ध बनाएको थियो ।

समीर पाखिन, सुवास सजल, कृष्ण घतानी तथा तुलसी ढकालको समेत उपस्थिति रहेको सो कार्यक्रममा स्वागत मन्तव्य सचिव नीलहरि ढुङ्गेल र सहजीकरण सदस्य स्वस्तिका दहालले गरेका थिए ।

# 'भाइरल गोर्खे'को पात्रबारे सौगात भन्छन्, 'दुरुस्तै शिव दाइ जस्तो देखिनु थिएन'

काठमाडौं/अभिनेता सौगात मल्ल आफूले पाएको भूमिकालाई जीवन्त ढंगले पर्दामा उतार्न माहिर छन् । यही कारण उनका फिल्म लगातार असफल भए पनि उनी कामविहीन हुनु परेको छैन । चरित्रमा उनले गर्ने मिहिनेत नै उनको पहिचान बनेको छ । करिअरको सुरुवातदेखि चरित्रमा विविधता पस्किँदै आएका उनी अब नयाँ फिल्म 'भाइरल गोर्खे'मा अहिलेसम्मकै भिन्न भूमिकामा देखिँदैछन् ।

यो फिल्ममा उनले टिकटकमा भाइरल पात्रको भूमिकामा अभिनय गरेका छन् । रोचक कुरा के छ भने उनी आफू चाहिँ टिकटक बनाउँदैनन् । न त टिकटक नै हेर्छन् । उनले आफ्नो मोबाइलमा टिकटक एप समेत राखेका छैनन् । टिकटकप्रति रुचि नै नभएका उनले फिल्ममा भाइरल पात्रको भूमिकामा अभिनय गर्न कसरी तयार भए ? उनी यसको कारण पटकथालाई मान्छन् ।

'यसको पटकथा नै राम्रो थियो । यो फिल्म जसलाई अफर गरेको भए पनि कसैले नाइँ भन्न सक्दैन थियो । स्क्रिप्ट त्यति राम्रोसँग लेखिएको छ,' उनी अगाडि भन्छन्, 'टिकटकको विषयमा मात्र हुन्थ्यो भने म यो फिल्म गर्दिन थिएँ होला । किनकि, म आफैंले पनि यसको प्रयोग कहिल्यै गरेको छैन । तर, यो फिल्ममा टिकटकको विषयसँगै अरु धेरै पक्ष पनि छन् ।'

फिल्मको कथामा सबै चिज रहेकाले पनि आफूलाई काम गर्न प्रेरित गरेको उनको भनाइ छ । भन्छन्, 'पात्रको संघर्ष, उसको घर-परिवार सबैलाई कथामा राम्रोसँग बुनिएको छ । यसरी हेर्दा कथामा सबै चिज त छ भन्ने लाग्यो अनि काम गर्न तयार भएँ । फिल्मले दर्शकलाई राम्रो सन्देश दिन्छ भन्ने लाग्छ ।' फिल्मले भाइरल भएका व्यक्तिप्रति व्यंग्य नगर्ने पनि उनले स्पष्ट पारे ।

'भाइरल गोर्खे'मा काम गरिसकेपछि पनि सौगातले अझै टिकटक चलाएका छैनन् । तर, उनलाई आफू फिल्ममा नआएको भए टिकटकमा आइसकेको हुने थिएँ भन्ने लाग्छ । भन्छन्, 'अहिले पनि म परासीमै हुन्थेँ र फिल्म खेल्न पाएको हुन्थिनँ भने सबैले चिनून् भनेर टिकटक बनाउन थालिसकेको हुन्थेँ होला । मैले सानैमा डान्स गर्नुको कारण पनि मलाई सबैले चिनून् भन्ने नै थियो ।'

उनले 'भाइरल गोर्खे'को 'बतासले उडाइ ल्यायो' गीतमा शिव श्रेष्ठको नृत्यको नक्कल समेत गरेका छन् । तर, धेरैले उनको नृत्य शिव श्रेष्ठको जस्तो नदेखिएको टिप्पणी गरेका छन् । उनले चाहेको पनि यही थियो । फिल्ममा आफूले निभाएको पात्र शिव श्रेष्ठको फ्यान भए पनि उसमा प्रतिभा छैन भनेर देखाउन चाहन्थे उनी । यसैले नृत्यमा आफूले खासै मिहिनेत नगरेको सौगात बताउँछन् । 'फिल्ममा म दुरुस्तै शिव दाइ जस्तो देखिनु थिएन । मेरो पात्रले उहाँको जस्तै नृत्य गर्न खोजेको छ तर शिव दाइको जस्तो इनर्जी छैन भन्ने नै देखिनुपर्छ भनेर मैले 'वर्कआउट' गरेको थिएँ । यसैले मैले शिव दाइको जस्तो नृत्य उतार्न खासै प्रयास नै गरिनँ । जेनतेन प्रयास गरेको छ तर उसमा प्रतिभा चाहिँ केही पनि छैन भन्ने नै देखियोस् भन्ने म चाहन्थेँ,' उनले भने ।

# युवाहरूको आन्दोलन....

यस वर्षको युवाहरूको आन्दोलनलाई यसअघिका राजनीतिक आन्दोलनहरूमा तुलना गर्दा पृथक दृष्टिकोणले हेर्नुपर्ने हुन्छ, किनकि यसअघिका आन्दोलनहरू युवाहरू स्वतस्फुर्त हिसाबले आन्दोलित बनेका थिए तर आन्दोलनको नेतृत्व राजनीतिक व्यक्तित्वहरूले लिएका थिए । यस वर्षको युवाहरूको क्रियाशीलताले आफ्नो गन्तव्य निर्धारण गर्न हालका दिनसम्म पनि सकेको छैन । उनीहरुले देशमा सुशासन कायम हुनुपर्ने, भ्रष्टाचार नियन्त्रण हुनुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने आदि मागहरू राखेर आन्दोलित बनेका हुन् । यसमा पनि युवाहरुलाई सडकमा स्वतस्फुर्त हिसाबले उपस्थित गराउने अवस्था सामाजिक सञ्जालमाथिको प्रतिबन्धले गराएको थियो । यो तत्कालीन ओली सरकारको सुझबुझको कमीको परिणाम थियो । किनकि सामाजिक सञ्जाल विशेष गरी युवाहरूको लागि जीवनरेखा नै बनिसकेको थियो ।

शासन सत्तासँग व्यापक असन्तुष्टि बढिराखेको परिस्थितिमा भित्रभित्रै युवाहरू सामाजिक सञ्जालमार्फत सरकारको विरुद्ध आन्दोलित बनिराखेका थिए । यसको सूचना सरकारलाई हुने नै भयो । यही अवस्थामा युवाहरूको ऊर्जालाई बिल्कुल महत्व नदिई ओली सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउनु नै कलाविनाको नाटक त्यस बखतका शासकहरुले सञ्चालन गरेका हुन् । यसको परिणाम के-कस्तो देखियो ? सबैलाई जगजाहेरै छ ।

युवाहरूको यस वर्षको आन्दोलनले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा गर्नुबाहेक अन्य विषयमा खासै प्रगति भएको देखिएन । उनीहरुका मागहरु अनुपयुक्त भएको सरकारमा बस्नेहरूदेखि कसैले पनि भन्न सक्ने अवस्था छैन । मागहरु पूरा पनि भएका छैनन् । ओली सरकारलाई विस्थापित गरेर सुशीलालाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गराउन मात्र यो आन्दोलन भएको किमार्थ थिएन ।

आन्दोलनको उद्देश्य पूरा गराउने सन्दर्भमा धेरै किसिमका कठिनाइ देखिएका छन् । युवाहरू सहजै सडकमा निस्किएर दबाब दिन्छन्, सरकार ढाल्छन्, तर उनीहरूको संगठन सञ्जाल प्राय: देखिँदैन । संगठन सञ्जालको विस्तार गर्ने सन्दर्भ उनीहरूको प्राथमिकतामा परेको देखिँदैन । नेतृत्वविहीन आन्दोलन उठान गर्नेहरुले भदौ २४ गतेकै दिन घुसपैठ भयो, हाम्रा आन्दोलन फिर्ता लियौं भन्ने घोषणा गरेका थिए । यो आन्दोलनको नेतृत्वदायी भूमिकामा रहेका को-को हुन् ? भन्ने नै निश्चित छैन । जेन्जी आन्दोलन अपहरण भएको आक्षेपसम्म लगाइराखेका छन् ।

एक समूहले अर्को समूहमा हिलो छ्याप्ने काम सतहमा आएको छ । यस स्थितिमा गन्तव्य निर्धारण गर्न कठिनाइ हुने नै भयो । आपसमा एकताको प्रदर्शन गर्नु जरुरी थियो, तर सरकारमा कसलाई पठाउने ? भन्ने सन्दर्भमा नै यी युवाहरूको बीचमा जुँगाको लडाइँ देखियो । जेन्जीहरुले विधिवत् एउटै दल खोलेर सदस्यता व्यापकरुपमा वितरण गरी राष्ट्रव्यापी सञ्जाल खडा गर्ने सन्दर्भलाई प्राथमिकताको रुपमा राखी काम गर्नुपर्दथ्यो । यसमा उनीहरूको ध्यान गएको छैन । सरकारी शैली र सरकारलाई अस्वीकार गर्ने एजेन्डा स्पष्ट छ । तर यसमा विकल्पहरु के-के दिने हो ?

कसरी गन्तव्य निर्धारण गर्ने हो ? जेन्जीहरू नै अलमलमा छन् । तीव्रता र अल्पकालीन आन्दोलनको सफलता त देखियो, तर यो आन्दोलन नेतृत्वविहीन भएकै कारण गन्तव्य चुम्न सकेन । स्वतन्त्र पहिचानको निरन्तरता युवाहरूले कहिलेसम्म दिने हुन् ? यतिकै आधारमा देशमा सुशासन कायम गर्न सकिएला र ? यसका बारेमा चिन्तन देखिएन । देशमा सुशासन ल्याउनका लागि भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्नुपर्छ ।

सामाजिक र आर्थिक असमानताको न्यूनीकरण जरुरी हुन्छ । रोजगारीका अवसर प्रदान गर्न सक्नुपर्दछ । आर्थिक संकटको समाधानको दिशामा मुलुक अघि बढ्नुपर्दछ । भ्रष्टाचार नियन्त्रणका विषयमा आयोग गठन गरेर छानबिनसम्म पनि वर्तमान सरकार बाट गराउन आन्दोलनकारी युवाहरूले सकेका छैनन् ।

आन्दोलनको जगमा सरकार खडा भएकोमा सन्देह छैन । जेन्जी युवाहरूका कार्यशैली र प्रस्तुतीकरणबाट सरकार प्रमुख आफैँ आजित भएका अभिव्यक्तिहरु आउन थालेका छन् । पुराना दलहरूमा सामान्यरूपमा पनि परिवर्तनको संकेत देखिएन । उही नारा, साबिककै गठबन्धन, उही अस्वीकार्य अनुहार युवाहरूले हेरिराखेका छन् । परिवर्तनको थोरै पनि संकेत यी पुराना दलहरुले देखाउन सकेका छैनन् ।

यी समस्याबाट उन्मुक्ति पाई आफ्ना माग पूरा गर्नेतर्फ राज्यको ध्यान आकृष्ट गराउन युवाहरू लाग्नुपर्ने अवस्था टड्कारो छ । युवाहरूको स्पष्ट एजेन्डा हुनुपर्‍यो । आफ्ना एजेन्डाहरूमा युवाहरूकै बीच पृथक प्रकारका धारणा अभिव्यक्त हुनुभएन । नीति र कार्ययोजनाका खाका राखेर युवाहरू राजनीतिक दल दर्ता गरी निर्वाचनलाई नै उपयोग गर्दै जनताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

ब्लु हेवन टेलर्स सरेको सूचना
हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।
ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### सार्वजनिक संस्थानमा मात्रै ९६ करोड बराबरको क्षति

# निजी प्रतिष्ठानको क्षति २७ अर्ब ४९ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/जेनजी आन्दोलनका बेला सार्वजनिक संस्थानमा मात्रै ९६ करोड बराबर को क्षति पुगेको सरकारी अध्ययन प्रतिवेदनले देखाएको छ ।

क्षतिको जाँचबुझ गर्न गठित सरकारी कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार सार्वजनिक संस्थानको स्वामित्व वा भोगचलनमा रहेका सम्पतीको क्षति रकम ९५ करोड ६२ लाख रहेको छ । सार्वजनिक संस्थानमा भएको कुल क्षति रकममध्ये भवनतर्फ ४३.१ प्रतिशत, सवारीसाधनतर्फ १६.१ प्रतिशत, अन्य भौतिक सम्पत्तितर्फ ३७.४ प्रतिशत र अन्यमा ३.३ प्रतिशत क्षति भएको छ । प्रतिवेदन अनुसार संस्थानका नेपाल सरकार अन्तर्गतका २६ भवनमा क्षति पुगेको छ ।

प्रदेश सरकार मातहत रहेका संस्थानका ३ वटा भवनमा क्षतिपुगेको छ । कुल ४१ करोड



२४ लाख बराबरको क्षति पुगेको छ भने संस्थानहरुका करिब १ सय ९ ओटा सवारीसाधनमा क्षति पुगेको छ । संस्थानका सबारीसाधनको क्षति करिब १४ करोड ३६ लाख बराबरको रहेको छ । यता निजी तथा सामुदायिक क्षेत्रले जेनजी आन्दोलनका बेला ठूलो क्षति व्यहोर्नुपरेको सरकारी अध्ययन प्रतिवेदनले देखाएका छ । प्रतिवेदनअनुसार निजी तथा सामुदायिक क्षेत्रमा भएको क्षति अनुसार निजी प्रतिष्ठान तथा घर परिवारमा कुल क्षति रकम ३३ अर्ब ५४ करोड ८७ लाख र सामुदायिक तथा अन्य क्षेत्रमा भएको क्षति रकम ५ अर्ब ९७ करोड १७ लाख रहेको छ ।

प्रतिवेदनअनुसार निजी क्षेत्रको स्वामित्व वा भोगचलनमा रहेको स्थायी एवं अस्थायी सम्पतीमा कुल २७ अर्ब ४९ करोड ३ लाख क्षति पुगेको देखिन्छ जुन निजी तथा सामुदायिक क्षेत्रमा भएको कुल क्षति रकमको ६९.८ प्रतिशत हो ।

यो क्षेत्रले व्यहोरेको कुल क्षतिमा भवनको आगजनी तथा तोडफोडबाट भएको क्षतिको अंश सबैभन्दा ठूलो ४५.२ प्रतिशत रहेको छ । त्यसपछि अन्य भौतिक सम्पतीको क्षति २७.४ प्रतिशत, अस्थायी सम्पती तथा अन्य निजी सम्पतीको २१.७ प्रतिशत र सवारी साधनको क्षति ३.४ प्रतिशत रहेको छ । समग्ररुपमा हेर्दा क्षतिको भार भवन तथा स्थायी सम्पतीमा बढी रहेकाले उत्पादन, सेवा र रोजगारी क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

# लोमश वाङ्मय प्रतिष्ठानको मासिक रचनावाचन

साझाकुरा संवाददाता



हेटौंडा, २७ पुस/लोमश वाङ्मय प्रतिष्ठानले मासिक रचनावाचन तथा कृति परिचर्चा कार्यक्रम सम्पन्न गरेको छ ।

हरेक महिनाको चौथो शनिबार आयोजना हुने शृंखलाबद्ध कार्यक्रममध्ये सत्रौं कार्यक्रमका प्रमुखअतिथि मूर्धन्य साहित्यकार महेश प्रसाई रहेका थिए । विशेषअतिथि नवप्रज्ञापन त्रैमासिकका सम्पादक तथा चर्चित बालसाहित्यकार नवराज रिजाल थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुखअतिथि प्रसाईले लोमश वाङ्मय प्रतिष्ठान, मनोहरा साहित्य समाज, नागार्जुन साहित्यिक प्रतिष्ठानलगायत केही सीमित साहित्यिक संस्थाको नाम लिएरै नेपाल प्रज्ञाप्रतिष्ठानले गर्नुपर्ने कर्म गर्दै आएकोमा सन्तोष व्यक्त गरे ।

फरक प्रसंगमा उनले नागार्जुन साहित्यिक प्रतिष्ठानका अध्यक्ष दिल पौडेलले गरेका साहित्यिक कर्महरुको प्रशंसा गरे । साहित्यसेवा नितान्त समाजसेवा भएको बताउँदै यसको चेहरा सधैं प्रगतिशील र पिँधको वर्ग उत्थान गर्न उत्प्रेरित गर्ने खालको हुनुपर्ने उनको भनाई छ । प्रसाईंले जसले जसरी विश्लेषण गरेपनि अमेरिकाले ओछ्यानबाट उठाएर एउटा सार्वभौम राष्ट्र प्रमुखलाई हतकडी लगाई अपराधी करार गर्नु निर्लज्जताको पराकाष्ठा भएको बताए । वाचित रचनाको शल्यक्रिया गर्दै प्रसाईले एकाध रचनामा परिष्कारको खाँचो भएपनि अधिकांश सिर्जना समसामयिक र खारिएका भन्ने अभिमत राखे ।

त्यस्तै, विशेषअतिथि बालसाहित्यकार एवम् काबिल सम्पादक रिजालले वास्तविक बाल साहित्य अत्यन्त न्यून मात्र लेखिएको बताए । साहित्यमा साधना हराउँदै गएकोमा चिन्ता व्यक्त गर्दै उनले पठन संस्कारलाई समृद्ध बनाउँदै खोज अनुसन्धानलाई तीव्र विस्तार गर्नुपर्ने खाँचो औंल्याए । वरिष्ठपत्रकार तथा कवि तेजेन्द्र प्रसाईले आफ्नो पुरानो मित्रको संस्थामा आएर सिर्जना प्रस्तुत गर्न पाउनु सुखद संयोग भन्दै यसको निरन्तरताको कामना गरे ।


सूचक प्रकाशनका अध्यक्ष दीपक भेटुवाल, पुस्तक प्रकाशन संघ, बहुआयामिक साहित्यकार केशरी अम्गाई, गोपालकृष्ण अधिकारी लगायत प्रतिष्ठित व्यक्तित्वको उपस्थितिमा सुसम्पन्न कार्यक्रममा रामहरि अधिकारी, गंगा खतिवडा, नवीन पल्लव, अप्सरा स्मृति, आल्फी फोहेन फाक्लुप्पा, जीत कार्की, माधव घिमिरे 'अटल', तेजेन्द्र प्रसाई, सञ्जय सोतीसहित डेढ दर्जन स्रष्टाले रचनावाचन गरेका थिए । गोंगबूस्थित महर्षि कलेजमा आयोजित कार्यक्रममा प्रतिष्ठानका सचिव नवीन पल्लवले सहजीकरण तथा सदस्य अप्सरा स्मृतिले स्वागत गरेको कार्यक्रमको समापन गर्दै प्रतिष्ठानका अध्यक्ष 'अटल'ले लोमश वाङ्मय प्रतिष्ठानले गर्दै आएका कामबारे प्रकाश पारे ।

# देश र जनताको साझा हितमा अघि बढ्नुपर्छः प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले विश्वव्यापिकरण र ध्रुवीकरणको वर्तमान परिवेशमा राष्ट्रिय एकता मजबुत बनाउँदै देश र जनताको साझा हितमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

३०४ औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै उनले यस्तो धारणा व्यक्त गरेका हुन् । प्रदेशप्रमुख देवकोटाले पृथ्वीनारायण शाहजस्ता व्यक्तित्वबाट अस्तित्व, गौरव र इतिहासको सम्मान गर्दै राष्ट्रिय स्वार्थका सवालमा राजनीतिक दल र नागरिक समाज एकताबद्ध बन्नुपर्नेमा जोड दिए । 'हामी फुटेर होइन जुटेर अघि बढ्नुपर्छ, अन्यथा इतिहासले हामीलाई धिक्कार्नेछ । स्वतन्त्रता र सार्वभौमसत्ता हाम्रो प्रमुख चासोको विषय हो' उनले भने ।



पृथ्वीनारायण शाहको दूरदर्शिता, दिव्योपदेश र कार्यशैली आज पनि प्रेरणादायी रहेको उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले शाहद्वारा प्रतिपादित 'सुन्दर फूलबारी' को परिकल्पनामा राष्ट्रहित र समृद्धिको भाव समाहित रहेको बताए । उनले पृथ्वीनारायण शाहका दूरदर्शी विचारलाई आत्मसात गर्नु आजको अपरिहार्य आवश्यकता भएको टिप्पणी गरे । नेपाललाई विभिन्न भागमा टुक्रिएको अवस्था र आपसी द्वन्द्वका शृंखला समाप्त गर्दै स्वाधीन र स्वाभिमानी नेपाल निर्माण गर्ने पृथ्वीनारायण शाहको योगदान इतिहासमा सधैंका लागि स्वर्णअक्षरमा अंकित रहेको उनको भनाइ छ ।

शाहले बसालेको भौगोलिक, जातीय, भाषिक, धार्मिक र भावनात्मक एकताको जग आजको राष्ट्रिय एकता, सहिष्णुता र मेलमिलापको आधार बनेको उनले स्पष्ट पारे । राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०४ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा प्रदेशप्रमुख देवकोटाले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्दै पृथ्वीनारायण शाहप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

# अशोक सामुदायिक वनको भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ हेटौंडा-१७ राजदेवीमा रहेको अशोक सामुदायिक वन उपभोक्ता समूहको ३१ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिका-१७ का वडाअध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष रमेशकुमार राईको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा समूहका अध्यक्ष राईले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष सरस्वती पुडासैनीले आर्थिक वर्ष २०८२/८३ को लागि ८० लाख ९१ हजारको अनुमानित आयब्यय विवरण र लेखा समितिका कावा लेखासंयोजक सुमनलाल श्रेष्ठले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा समूहको विकास र विस्तारलगायत क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने विभिन्न संघसंस्था एवम् ब्यक्तिलाई पुरस्कृत गरिएको थियो । सभामा उत्कृष्ट विद्यार्थी काजल रजनामगर र अर्जुन अधिकारी, ज्येष्ठउपभोक्ता कृष्णकुमारी श्रेष्ठ, हेटौंडा-१७ नं वडा कार्यालय सवडिभिजन वन कार्यालय, हर्नामाडी, रानी सामुदायिक वन, चुच्चेखोला सामुदायिक वन, उपभोक्ता पूर्णबहादुर श्रेष्ठलगायतलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, स्थानीय महासंघ हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, सव डिभिजन वन कार्यालय, हर्नामाडीका प्रमुख प्रदीप अर्याल, राजदेवी दुग्ध सहकारीका अध्यक्ष कृष्णप्रसाद पराजुली, राजदेवी बचत तथा ऋण सहकारीका अध्यक्ष रमेशकुमार पराजुली, चुच्चेखोला सामुदायिक वनका उपाध्यक्ष उमेश अधिकारी, कार्यालय सचिव केदार प्रसाद गौतम, राजदेवी मावि ब्यवस्थापन समिति अध्यक्ष डेकराज धमला, जोरधारा टोल विकासका अध्यक्ष भीमप्रसाद अधिकारी, सल्लाहकार कृष्णाप्रसाद नेपाल, बलराम अधिकारी, राजदेवी आमा समूहकी अध्यक्ष निला तिमल्सिना, सञ्चारकर्मी भीमसेन पौडेललगायतको आतिथ्यता रहेको थियो ।

# पूर्वसभापति दाहालको निधनमा पत्रकार महासंघमा शोकपुस्तिका

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/नेपाल पत्रकार महासंघका पूर्वसभापति होमनाथ दाहालको निधनप्रति शोक प्रकट गर्दै नेपाल पत्रकार महासंघ मकवानपुरले शोकपुस्तिका राखेको छ ।

१३ दिनसम्म महासंघमा राखिने शोकपुस्तिकामा हस्ताक्षरका लागि महसंघ मकवानपुर संचारकर्मीलाई अपील गरेको छ । महासंघको केन्द्रीय महिला उपाध्यक्ष नीतु पण्डित, नेपाल पत्रकार महासंघका बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, उपाध्यक्ष ध्रुब अधिकारी, कोषाध्यक्ष प्रदीप अधिकारी, प्रेस युनियनका अध्यक्ष सुबास बिडारी लगायतले शोकपुस्तिकामा हस्ताक्षर गरेर शुभारम्भ गरेका छन् ।

केही समयदेखि घुँडा सम्बन्धी समस्याबाट अस्वस्थ भई मैतीदेवीस्थित आफ्नै घरमै उपचारमा गराइरहनुभएका दाहालको हृदयाघात भएपछि उपचारका क्रममा निधन भएको हो । लोकतान्त्रिक आन्दोलनका क्रममा पटकपटक जेल जीवन बिताएका दाहाल २०५६ सालको आमनिर्वाचनमा ओखलढुंगा जिल्ला निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनले कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी समेत सम्हालेका थिए ।

ओखलढुंगाको तत्कालीन बरुणेश्वर गाउँपालिकामा जन्मिएका दाहाल नेपाली कांग्रेसको मुखपत्र राष्ट्रपुकार साप्ताहिकको सम्पादक रहेका थिए । उनले नेपाली कांग्रेस ओखलढुंगा जिल्ला सदस्य तथा तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य समेत भएर जिम्मेवारी सम्हालेका थिए ।

यसैबीच नेपाली कांग्रेसले दाहालले पार्टीको विभिन्न जिम्मेवारीमा रहेर संगठन निर्माण र लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको स्मरण गरेको छ । उनको निधनले पार्टीले एक अग्रज, अनुभवी र प्रतिबद्ध नेता गुमाएको केन्द्रीय कार्यसमितिको ठहर छ ।

दाहालप्रति सम्मान प्रकट गर्दै कांग्रेसले शोक कार्यक्रम पनि सार्वजनिक गरेको छ । कार्यक्रम अनुसार पुस २६, २७ र २८ गतेसम्म



पार्टीको केन्द्रीय, प्रदेश तथा जिल्ला कार्यालयमा झण्डा आधा झुकाइने छ । पुस २७ गते केन्द्र, प्रदेश र जिल्लाका सबै पार्टी कार्यालय बन्द गरिनेछ । त्यसैगरी स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोकपुस्तिका राखिने र १३ औं दिन ओखलढुंगामा शोकसभाको आयोजना गरिने निर्णय गरिएको छ ।


## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**

- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान-साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**

- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**

- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा-चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**

- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ-धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**

- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

**हेटौंडा उपमहानगरपालिका**
**१३ नं. वडा कार्यालय**
पदमपोखरी, हेटौंडा, मकवानपुर


# निवर्तमान अर्थमन्त्री काफ्ले प्रदेशसभा सदस्यबाट राजीनामा दिने तयारीमा



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेशका निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले प्रदेशसभाबाट राजीनामा दिने तयारी गरेका छन् ।

प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर आगामी प्रतिनिधिसभा चुनावमा उम्मेदवारी दिने तयारी गरेको बताइएको छ । 'राजीनामाबारे राजनीतिक नेतृत्वसँग निरन्तर छलफलमा रहेको छु । दोलखाको समग्र विकासका लागि संघीय सरकारको भूमिका निर्णायक हुने महसुस गर्दै यो साहसिक निर्णय लिएको छु,' काफ्लेले भने, 'दोलखाली जनताको माग छ । संघीय संसद्मा दोलखाली जनताको प्रतिनिधित्व गर्ने लक्ष्यका साथ अघि बढ्ने तयारीमा छु ।'

विद्यार्थी राजनीतिबाट मूलधारको राजनीतिमा प्रवेश गरेका काफ्ले नेपाली कांग्रेसको केन्द्रीय सदस्य छन् । २०७९ सालको निर्वाचनमा उनले दोलखा क्षेत्र नम्बर १ (क) मा भएको बागमती प्रदेशसभा सदस्य प्रतिस्पर्धामा निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका नरबहादुर श्रेष्ठलाई ८ हजार ४२ मतान्तरले पराजित गर्दै विजयी भएका थिए ।

काफ्लेको सचिवालय स्रोतका अनुसार प्रदेशको राजनीति र सरकारमा रहेर अनुभव हासिल गरिसकेपछि अब राष्ट्रिय नीति निर्माणमा प्रत्यक्ष सहभागी हुने भन्दै काफ्लेले प्रतिनिधिसभाको तयारी गरेका हुन् ।

उनले सुरुमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको मुख्यसचेतक र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।

नेपाली कांग्रेस दोलखाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ काफ्ले सहित केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी, पूर्व जिल्ला सभापति ताराबहादुर कोइराला, प्रदेश समिति सदस्य प्रभुराम श्रेष्ठ र पूर्वमहासमिति सदस्य विनिता अधिकारीको नाम सिफारिस गरेको छ ।

# जीएस निकेतलाई महिला शिक्षक भलिबलको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ हेटौंडा-५ स्थित जीएस निकेतनले जिल्लास्तरीय महिला शिक्षक भलिबल प्रतियोगिताको उपाधि जितेको छ ।

हेटौंडा-९ स्थित प्रगति माविको स्वर्ण महोत्सवको अवसरमा शनिबारदेखि भलिबल प्रतियोगिता सुरु भएको थियो । आइतबार भएको फाइनल खेलमा रुपनारायण मावि बुढीचौरलाई २५-१८, १९-२५, २५-२१, २३-२५ र १५-९ को सेटमा पराजित गर्दै जीएसले उपाधि जितेको हो । उपाधिसँगै जीएसले नगद १५ हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र र उपबिजेता बनेको रुपनारायणले नगद १० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । आइतबार नै भएको सेमिफाइनलमा खेलमा प्रगति माविलाई २७-२५, १३-२५ र ६-१५ को सेटमा पराजित गर्दै रुपनारायण मावि फाइनलमा प्रवेश गरेको हो ।

जीएस निकेतनले कृष्णआदर्श माविलाई २५-१८ र २५-१७ को सेटमा पराजित गर्दै फाइनलको यात्रा तय गरेको थियो । भलिबल प्रतियोगिताअन्तर्गत आइतबार भएको तेस्रो स्थानको खेलमा प्रगतिलाई २५-१४, १६-२५ र ११-१५ को सेटमा पराजित गर्दै कृष्णआदर्श बिजयी भएको हो । तेस्रो स्थान हासिल गरेको कृष्णआदर्शले नगद ५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी जीएसकी आयुष थिङ दनुवार घोषित भइन् ।

बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यता एवम् ९ नं. वडाअध्यक्ष शुकराम केसीको विशेष आतिथ्यतामा बिजेता, उपबिजेता र तेस्रो स्थान हासिल गर्न सफल टोलीलाई पुरस्कार प्रदान गरिएको हो । प्रतियोगितामा जिल्लाभरमा सामुदायिक र संस्थागत गरी १९ वटा विद्यालयको सहभागिता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना